**आकाशवाणी खरसाङः प्रादेशिक समाचार– नेपाली**
**मितिः १५ नवम्बर २०२५**
**समयः १८.५० – १९:०० बजे**

**<u>मुख्य समाचार</u>**

- प्रधानमन्त्री नरेन्द्र मोदीले जनजातीय गौरव दिवसको अवसरमा आज गुजरातको डेडियापाड़ामा नौ हजार सात सय करोड़ रुपियाँ भन्दा अधिक लागतको विकास परियोजनाहरुको उद्धाटन अनि शिलान्यास गर्नुभयो।

- मुख्य मन्त्रि ममता ब्यानर्जीले भगवान बिरसा मुंडालाई उहाँको १५० औं जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गर्नु भएको छ।

- राष्ट्रिय जांच एजेन्सी (**एन.आइ.ए**) दिल्लीको विस्फोटमा पश्चिम बंगालको उत्तर दिनाजपुर जिल्लाको इस्लामपुरबाट एक व्यक्तिलाइ पक्राउ गरेको छ|

- दार्जीलिङ वेलफेयर सोसाइटीले सिलगढीको सेलेसेन कलेजमा आयोजना गरेको दुइ दिवसीय रोजगार मेला आज शुरु भएको छ।

- राज्यमा ठण्डाको असर अझ यथावत छ तर मौसम विभागका अनुसार भोली आइतबार देखि तापमानमा बढ़ोतरी शुरू हुने सम्भावना छ ।

**<u>प्रधानमंत्री - गुजरात दौरा</u>**

प्रधानमंत्री नरेन्द्र मोदीले आज गुजरातको जनजातीय बहुल नर्मदा ज़िलाको डेडियापाड़ामा नौ हजार सात सय करोड़ रुपियाँ भन्दा अधिक लागतको विकास परियोजनाहरुको उद्धाटन अनि शिलान्यास गर्नुभयो। यी परियोजनाहरु बुनियादी ढाँचा, स्वास्थ्य, शिक्षा अनि विरासतमाथि केंद्रित रहेको छ। यसमा जनजातिहरुको सशक्तिकरणमाथि विशेष जोड़ दिइएको छ। यी परियोजनाहरु जनजातीय गौरव दिवसको अवसरमा, महान जनजातीय नेता अनि स्वतंत्रता सेनानी भगवान बिरसा मुंडा को 1 सय 50 औ जयंतीको उपलक्ष्य मा शुरू गरिएको हो। प्रधानमंत्री मोदीले जनजातीय महापुरुष बिरसा मुंडाको जयंती को अवसर मा आयोजित सभालाई संबोधन गर्नुहुँदै जनजातीय गौरव हज़ारौं वर्षदेखि भारतको चेतनाको अभिन्न अंग रहेको बताउनुभयो।

**<u>ममता ब्यानर्जी बिरसा मुंडा</u>**

मुख्य मन्त्रि ममता ब्यानर्जीले वीर नेता धरती आबा भगवान बिरसा मुंडालाई उहाँको १५० औं जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गर्नु भएको छ। सामाजिक संजालमा पोस्ट गर्नु हुँदै मुख्य मन्त्रीले भन्नु भयो मुन्डा विद्रोहका वीर नेता, आदिवासी समुदायका महान् पूर्वज बिरसा मुन्डाको जन्म शताब्दीको अवसरमा म उहांलाई श्रद्धापूर्वक नमन गर्दछु। मुख्यमन्त्रीले आदिवासी समुदायका जीवनशक्ति झैँ रहनुभएका भगवान बिरसा मुंडाको नाम राज्यको एक विश्वविद्यालयसँग

पनि जोडिएको बताउनु भयो। उहाँप्रति सम्मान व्यक्त गर्न, उत्तर बंगालमा रहेको एक महाविद्यालय पनि उहाँकै नाममा राखेको बताउनु भयो|

**बिरसा मुण्डा जयन्ती- पानीघट्टा**

मिरिक जिल्ला अन्तर्गत पानीघट्टा आदिवासी सांस्कृतिक कल्याण समाजले आज स्थानीय गिरमिट लाइन खेल मैदानमा वीर बिरसा मुण्डाको १५० औं जन्मजयन्ती मनाएको छ। समाजका अध्यक्ष ओस्कर तिर्कीले २५ वर्षभन्दा कम उमेरमा मृत्यु भएका भगवान बिरसा मुण्डाले आफ्नो जीवनको छोटो समय सामाजिक सेवामा समर्पित गर्नुभएको र गरिबहरूमाथि हुने अन्याय र उत्पीडनको विरुद्ध लड्नुभएको बताउनु भयो। आदिवासी समुदायले उहाँको अतुलनीय योगदानलाई सधैं सम्झनेछ। तिरना, अर्ड र पानीघट्टा चिया बगानका आदिवासी समुदायले कार्यक्रममा भाग लिएका थिए।

**एनसीएसएम - सीआईएमयूएसईटी**

राष्ट्रीय विज्ञान संग्रहालय परिषद-एन.सी.एस.एम. लाई कोलकाताको साइन्स सिटीमा रहेको जलवायु परिवर्तन ग्यालरी, "अन द एज" को लागि प्रतिष्ठित सी.आई.एम.यू.एस.ई.टी.(CIMUSET) पुरस्कार प्रदान गरिएको छ। दुबईमा २७ औं आई.सी.ओ.एम. महाधिवेशनमा घोषणा गरिएको यो पुरस्कार भारतको विज्ञान संग्रहालय समुदायको लागि महत्वपूर्ण उपलब्धि हो। भारत सरकारको संस्कृति मन्त्रालय अन्तर्गत रहेको काउन्सिलको कोलकाता एकाइ, साइन्स सिटीले जलवायु परिवर्तनको तत्काल वास्तविकतालाई सम्बोधन गर्न दश हजार वर्ग फुटको स्थायी ग्यालरी निर्माण गरेको छ। ग्यालरीले वसुधैव कुटुम्बकमको दर्शनलाई मूर्त रूप दिन्छ र विश्वव्यापी स्थिरता लक्ष्यहरुको अनुरूप छ।

**एनआईए - दिल्ली विस्फोट**

बंगाल पुलिससँगको संयुक्त अभियानमा, राष्ट्रीय जांच एजेंसी (एनआईए) का अधिकारीहरूले दिल्लीको लाल किल्ला मेट्रो स्टेशन नजिकै भएको बम विस्फोटको सम्बन्धमा पश्चिम बंगालको उत्तर दिनाजपुर जिल्लाको डालखोलाबाट फरीदाबादको अल-फलाह विश्वविद्यालयका एमबीबीएस विद्यार्थीलाई पक्राउ गरेका छन्| पुलिस सुत्र अनुसार पक्राउ परेका विद्यार्थीको पहिचान निसार आलमको रूपमा गरिएको छ। आलमको परिवार लामो समयदेखि पञ्जाबको लुधियानामा बस्दै आएका थिए, तर उनीहरूको पुर्खौली घर बंगालको डालखोला हो। पक्राउ परेका विद्यार्थी यस हप्ता आफ्नो आमा र बहिनीसँग पारिवारिक कार्यक्रममा भाग लिन डालखोला आएका थिए।

**एसआईआर फारम**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण (एसआईआर)- को पहिलो चरण अन्तर्गत नामांकन प्रमानपत्रहरूको वितरण कार्य फेरि एक पटक तय समय-सीमासम्म पूरा हुन सकेन। राज्यमा अहिले पनि लगभग 22 लाख फारम वितरण हुन बाँकी छ। मुख्य निर्वाचन अधिकारी कार्यालयको उपलब्ध आँकड़ा अनुसार हिजो साँझ सम्म राज्यमा लगभग 7 दसमलव 45 करोड़ नामांकन प्रमानपत्रहरू वितरण गरिसकिएको थियो जुन राज्यका 7 करोड़ 66 लाख 37 हजार 529 मतदाताहरूको तुलनामा लगभग 97 प्रतिशत हो। नामांकन प्रमानपत्र वितरणको शुरुआती समय-सीमा 11 नोभेम्बरसम्म तय गरिएको थियो, तर त्यस दिनसम्म लगभग 15 प्रतिशत मतदाताहरूलाई फारम प्राप्त भएको थिएन्। त्यसपछि अन्तिम तिथि 14 नोभेम्बरमा निर्धारन गरियो, तर त्यो पनि पूरा हुन सकेन। नामांकन प्रमानपत्रहरूको पूर्ण वितरण एसआईआरको तीन चरणीय प्रक्रियाको पहिलो चरणको समापनको संकेत हुनेछ।

**बीएलओ - विरोध प्रदर्शन**

घर-घर गएर गणना प्रपत्र वितरित गर्ने काम लगभग पूरा भए पछि  चुनाव आयोगले नयाँ दिशानिर्देश जारी गरेको छ । यस पल्ट बूथ लेवल ऑफिसर (बीएलओ) हरुले आफ्नो गणना प्रपत्रहरुको ऑनलाइन डिजिटलीकरण गर्न पर्नेछ । **आज सिलगडीको दीनबंधु मंचमा आयोजित एक प्रशिक्षण शिविरमा चुनाव आयोग द्वारा बीएलओ हरुलाई यो**

**निर्देश दिए पछि प्रशिक्षण केंद्र बाट बाहिर निस्किए पछि बीएलओ हरुले विरोध प्रदर्शन शुरू गरे। आयोगले नयाँ दिशानिर्देश जारी गरेर बीएलओ हरु माथि जबर्जस्ती दबाव बनाईरहेको उनीहरुले आरोप लगाएका छन्। शिविरमा सिलगडी महकुमाका 200 भन्दा अधिक बीएलओ उपस्थित थिए। प्रशिक्षण शुरू भएको 15-20 मिनट भित्रनै शिविर ठप्प भयो। बीएलओहरुको भनाई अनुसार उनीहरुले अबेर राती सम्म काम गर्नु परिरहेको छ, फलस्वरूप उनीहरुको सामान्य जीवन अस्त-व्यस्त बनेको छ।चुनाव आयोगको यस नयाँ दिशानिर्देशको पालन गर्नु संभव नरहेको उनीहरुले बताएका छन्। बीएलओ हरुले आज प्रशिक्षण केंद्र बाहिर प्रदर्शन गरे अनि प्रशिक्षण लिन अश्विकार गरे। यद्धपि चुनाव आयोगले बीएलओ हरुको प्रशिक्षण पूरा भएको दावी गरेको छ।**

**रोजगार मेला**

दार्जीलिङ वेलफेयर सोसाइटीले सिलगढीको सेलेसेन कलेजमा आयोजित दुइ दिवसीय रोजगार 2.O मेलाको आज प्रथम दिन क्षेत्रका शिक्षित अनि कौशल युवाहरुले व्यापक सहभागीता जनाएको छ। यस अवसरमा दश हजारभन्दा अधिक युवाहरुले आवेदन दिएको थाहा लागेको छ। यस रोजगार मेलाले स्थानीय, राष्ट्र अनि अन्तर्राष्ट्रिय कम्पनीहरुमा नोकरीको निम्ति आवेदन गर्ने अवसर प्रदान गरिरहेको छ। रोजगार मेला लाग्न अगावै मिरिक अनि कालेबुङका तीन युवाहरु किशोरकुमार देवनाथ, भाबिका प्रधान अनि अदित्य गुरुङलाई उनीहरुको योग्यता अनुसारको नोकारीको अफर आएको जानकारी प्राप्त भएको छ|

**भागोप्रमो बैठक**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा (भागोप्रमो)-को केन्द्रीय समितिको विशेष बैठक आज मङपुमा सम्पन्न भएको छ। पार्टीका केन्द्रीय अध्यक्ष अनित थापाको अध्यक्षतामा बसेको बैठकमा २०२६ को पश्चिम बङ्गाल विधानसभा चुनाव प्रमुख एजेन्डा रहेको थियो। बैठकमा एस आइ आर सम्बन्धमा पनि चर्चा गरिएको जानकारी पार्टी केन्द्रिय प्रवक्ता केशवराज पोखरेलले दिनु भएको छ।

**कविता सङ्ग्रह लोकार्पण**

रेलिङ भेल्ली नमस्कार कल्याण संघको मुख्य आयोजनामा आज शिक्षक तथा सर्जक एस० के० मोक्तानको पहिलो कविता सङ्ग्रह "अनुशीलन " - को विधिवत् रूपमा लोकार्पण गरिएको छ। स्थानीय रेलिङ उच्चतर माध्यमिक विद्यालयको प्रेक्षगृहमा डा० कमल पोखरेलको सभापतित्वमा तथा कवि शारदा स्टेफीको प्रमुख अतिथित्वमा सम्पन्न भएको विमोचन कार्यक्रममा विशिष्ट अतिथिहरूमा शिक्षक पुष्पमणि प्रधान, कवि सरण खालिङ लगायतका अन्य गण्यमान्य अतिथिगण साथै साहित्य अनुरागीहरूको विशेष उपस्थिति रहेको थियो| कार्यक्रममा हास्यकवि भक्तकुमार सुब्बा, कवि कर्ण विरह, कवि युवराज छेत्री, कवि प्रतीक्षा राई आदिले कविता सुनाएका थिए।

**पत्रिका विमोचन**

बाल दिवसको अवसर पारेर फुवागढी उच्चत्तर माध्यमिक विद्यालयले "नव्य दृष्टि" भित्ते पत्रिकाको एक समारोहबीच विमोचन गरेको छ।विद्यालयका शिक्षक प्रभारी पेमा लामाको अध्यक्षता अनि सौरेनी ग्राम पञ्चायत दुईका पञ्चायत सदस्य एवम् सञ्चालन समिति सदस्य रोशन लामाको प्रमुख अतिथीको रुमा उपस्थित हुनुहुन्थ्यो। नव्य दृष्टि विद्यार्थीहरुको हस्तलिखित लेख रचनाहरु चित्रहरुलाई एक ठाउँमा सजाएर भित्ते पत्रिकामार्फत प्रोत्साहन जगाउन यो प्रयासमा गरिएको बताइएको छ। पत्रीकाका प्रमुख सम्पादक सञ्जीत तामाङले नव्य दृष्टि विद्यार्थीहरुमा भएको लेखन प्रतिभाहरुलाई प्रगाढ बनाउने उदेश्यले तयार पारिएको बताउनु भयो।

**बक्सिङ**

अलिपुरद्वार जिल्ला एसोसिएसन बक्सिङ द्वारा आयोजित पश्चिम् बंगाल राज्य बक्सिङ च्याम्पियनसीप १४ नोभेम्बर देखि १६ नोभेम्बर २०२५ सम्म अलिपुरद्वार मा हुँदैछ। यस राज्यस्तरीय प्रतिस्पर्धामा मिरिक बक्सिङ अकादमीका

प्रतिभावान खेलाडी आर्यन राईले ६५–७० केजी तौल समूहमा  दार्जीलिङ जिल्ला बक्सिङ एसोसिएसनको तर्फबाट प्रतिनिधित्व गर्दै आज प्रमुख प्रशिक्षक रुस्तम राईसँग प्रतियोगितामा भाग लिइरहेका छन्। पश्चिम् बंगाल प्रोग्रेसिभ बक्सिङ एसोसिएसन  (जसलाई बक्सिङ  फेडरेशन अफ ईन्डियाले मान्यता दिएको छ) को निर्देशनमा आयोजित यो प्रतियोगिता आगामी २०२५ को राष्ट्रिय बक्सिङ च्याम्पियनसिपका लागि महत्त्वपूर्ण चयन  प्रतियोगिताका रूपमा रहेको छ।आर्यन राईले गत फरवरी  २०२५ मा रुइया स्कूल, घुम–जोरबंगलामा सम्पन्न जिल्ला बक्सिङ च्याम्पियनसीपमा सोही ६५–७० केजी तौल समूहमा स्वर्ण पदक हासिलगर्नु भएको थियो। यही उत्कृष्ट प्रदर्शनको आधारमा उहाँ यस पटकको राज्यस्तरीय प्रतियोगितामा चयन  हुनु भएको हो।

**मौसम**

राज्यमा ठण्डाको असर अझ यथावत छ तर मौसम विभागका अनुसार भोली आइतबार देखि तापमानमा बढ़ोतरी शुरू हुने सम्भावना छ। अहिने कुनै नयाँ पश्चिमी विक्षोभ वा वर्षाको कुनै पूर्वानुमान छैन।